दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३६ | अंक ३२५ | बुटवल | २०८१ मंसिर १७, गते सोमबार | नेपाल संवत ११४५ | Monday Dec. 02, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## उप–निर्वाचनमा उत्साह :

# ६२ प्रतिशत बढी मत खस्यो

नगरपालिका प्रमुख, उप-प्रमुख, गाउँपालिका प्रमुख, उप-प्रमुख र वडाध्यक्षका लागि ४१ पदमा मतदान भएको हो । यो उप-निर्वाचनमा ३७६ जना उम्मेदवार प्रतिस्पर्धामा छन् ।

**लुम्बिनी संवाददाता**
*बुटवल*

आइतबार भएको स्थानीय तह उप-निर्वाचनको मतदान कार्य शान्तिपूर्ण र उत्साहजनकरूपमा सम्पन्न भएको निर्वाचन आयोगले जानकारी दिएको छ । उप-निर्वाचन भएका स्थानीय तह तथा वडाको अन्तिम मतदाता नामावलीमा २ लाख २६ हजार ७९९ मतदाता रहेकोमा हालसम्मको प्राप्त विवरणअनुसार करिब ६२ प्रतिशत मतदान भएको आयोगले जनाएको हो ।

उप-निर्वाचन प्रयोजनका लागि २५ वटा राजनीतिक दल दर्ता भएकोमा २० वटा राजनीतिक दलको तर्फबाट उम्मेदवारी परेको थियो । ओखलढुंगा र कैलाली जिल्लाको जिल्ला समन्वय समितिको प्रमुखमा क्रमशः नेपाली कांग्रेसका उम्मेदवार टेकराज भट्टराई र टीकाकुमारी चौधरी (भुल)को मात्र अन्तिम उम्मेदवारी कायम भएको थियो भने रूकुम (पूर्वी भाग) जिल्ला पुथा उत्तरगंगा गाउँपालिका वडा नं. २ को वडा अध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उम्मेदवार जगत घर्तीको मात्र अन्तिम उम्मेदवारी कायम भएको थियो ।

एक-एक जना उम्मेदवारी कायम भएका बाहेक नगरपालिकाका प्रमुख एक जना, उप-प्रमुख एक जना, गाउँपालिकाका अध्यक्ष दुई जना, उपाध्यक्ष चार जना तथा वडा अध्यक्ष ३३ जना गरी जम्मा ४१ पदका लागि भएको उप-निर्वाचनमा राजनीतिक दलका २७४ जना र स्वतन्त्र १०२ जना गरी जम्मा ३७६ जना उम्मेदवार रहेका थिए ।

मतदान कार्य समाप्त भई मतपेटिका सुरक्षित रूपमा सङ्कलन भएपछि तत्काल मतगणना प्रारम्भ गर्न निर्देशन दिइएको सह-सचिव एवम् प्रवक्ता नीता पोखरेल अर्यालले बताइन् । एउटा मात्रै मतदान स्थल रहेका १५ वटा वडाको वडा अध्यक्ष पदको मतगणना सम्बन्धित मतदान स्थलमा नै हुने व्यवस्था मिलाइएको छ भने अन्य स्थानमा सबै मतदान स्थलबाट मतपेटिका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन गरी मतगणना हुनेछ ।

**पुथा उत्तरगङ्गामा ५३.०५ प्रतिशत मत खस्यो**

रुकुमपूर्वको पुथाउत्तरगङ्गा गाउँपालिकाको उप-निर्वाचनमा ५३.०५ प्रतिशत मत खसेको छ । आइतबार भएको निर्वाचनमा यस गाउँपालिकाको १४ वटा वडाको २२ वटा मतदान केन्द्रबाट कुल मतदाताको ५३.०५ प्रतिशत मत खसेको हो । जसमा ४६.९५ प्रतिशत मत नखसेको मुख्य निर्वाचन कार्यालयले जनाएको छ ।

११ हजार १ सय ८० जना मतदाता रहेकोमा ३ हजार ९६ महिला र २ हजार ८ सय ३५ पुरुष गरी जम्मा ५ हजार ९ सय ३१ जनाले मतदान गरेको सहायक निर्वाचन अधिकृत इश्वरीप्रसाद सुवेदीले जानकारी दिए ।

**शुद्धोधन १ मा आइतबार नै मतगणना**

कपिलवस्तुको शुद्धोधन गाउँपालिका वडा नम्बर १ मा शान्तिपूर्ण वातावरणमा उप-निर्वाचन सम्पन्न भएको छ । जिल्ला निर्वाचन अधिकारी अमरबहादुर वलिका अनुसार तीन हजार ३ सय ७९ मत खसेको थियो । उनले तीन वटै मतदान स्थलमा गरी ६९.४१ प्रतिशत मत खसेको जानकारी दिए । उप-निर्वाचनको मतगणनाका लागि सबै तयारी पूरा भएको भन्दै उनले राति ८ बजेदेखि गणना सुरु हुने जानकारी दिए ।


सुरक्षाकर्मीले मतपेटिका सार्दै । तस्विरः जयमान बुढामगर

मुख्य निर्वाचन अधिकृत प्रकाशचन्द्र अधिकारीका अनुसार पतरिया स्वास्थ्य चौकीको माथिल्लो हलमा मतगणना स्थलको व्यवस्था मिलाइएको छ । जहाँ तारजाली र ५ वटा सिसी टिभी क्यामेरा पनि राखिएको छ । मतगणना स्थलमा १४ जना कर्मचारी र उम्मेदवार वा उनका प्रतिनिधिलाई मात्र प्रवेश दिने व्यवस्था गरिएको छ ।

शुद्धोधन गाउँपालिका १ मा निर्वाचनका लागि दुई हजार ११२ महिला र दुई हजार ७ सय ५६ पुरुष गरी चार हजार ८ सय ६८ मतदाता रहेका थिए । नेपाली कांग्रेसबाट निर्वाचित वडाध्यक्ष तिलकराम यादवको २०८१ असोज ८ गते निधन भएपछि रिक्त पदको लागि निर्वाचन भएको हो । उक्त पदका लागि चार स्वतन्त्रसहित १४ जना उम्मेदवार प्रतिस्पर्धामा छन् ।

**मुसिकोटमा ५७.०५ प्रतिशत मत खस्यो**

गुल्मीको मुसिकोट नगरपालिका-१ मा वडाध्यक्ष पदको उप-निर्वाचनमा ५७.०५ प्रतिशत अर्थात् दुई हजार ३४४ मत खसेको छ । नेपाल राष्ट्रिय सर्वोदय माविमा 'क' मा एक हजार १७२ र 'ख' मा एक हजार १७२ मत खसेको सहायक मतदान अधिकृत कमल पन्थीले जानकारी दिए ।

त्यसैगरी सरस्वती मावि मतदान स्थलको दुई मतदान केन्द्रमा सात सय ३० मत खसेको मतदान अधिकृत हरिप्रसाद गौरेले जानकारी दिए । त्यसैगरी जनज्योति मावि मतदान केन्द्रमा चार सय ३२ मत खसेको निर्वाचन कार्यालय गुल्मीका मतदान अधिकृत हरिहर शर्मा तिवारीले जानकारी दिए ।

वडाध्यक्ष पदको लागि आठ जनाले मनोनयन दर्ता गराएका थिए । जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकृत ऋषीराम घिमिरेका अनुसार नेपाली कांग्रेसबाट आनन्द श्रेष्ठ, नेकपा एमालेको तर्फबाट दलबहादुर थापा, माओवादी केन्द्रका दुर्गाबहादुर विक, राष्ट्रिय स्वतन्त्र पार्टीबाट विकास थापा र राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट इश्वरी खातीले मनोनयन गर्दा गरेका थिए ।

त्यस्तै स्वतन्त्र उम्मेदवारको रुपमा योगेन्द्र खरेल, पुमानन्द खरेल र कुलबहादुर थापाले उम्मेदवारी दर्ता गरेको निर्वाचन कार्यालय गुल्मीका निर्वाचन अधिकृत ऋषी घिमिरेले जानकारी दिए । तत्कालिन वडाध्यक्ष मोहन घिमिरेको मृत्यु भएपछि मुसिकोट नगरपालिका-१ मा उप-निर्वाचन भएको हो । तीनै सुरक्षाकर्मीहरुद्धारा सुरक्षाको व्यवस्था कडा गरेर मतदान शान्तिपूर्ण रुपमा सम्पन्न गरिएको प्रमुख जिल्ला अधिकारी जर्नादन गौतमले बताए । मुख्य निर्वाचन अधिकृतको कार्यालयले आइतबार नै मतगणना गर्ने तयारी गरेको छ । मुख्य निर्वाचन अधिकृत युवराज गौतमले मतगणना स्थल बनाइसकेकाले मतपेटीका संकलन भएपछि केही प्रक्रिया पूरा गरेर गणना गरिने बताए । मुसिकोट नगरपालिका वडा नं. १ मा चार हजार ९१ मतदाता रहेका छन् ।

» बाँकी ३ पेजमा

## पर्खाल भत्किँदा पाँच जनाको मृत्यु

रोल्पा । रोल्पामा झोलुङ्गे पुलको रिटेनिङ वाल भत्किँदा पुरिएर पाँच जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेहरुमा सुनछहरी गाउँपालिका-३, बाहिरी गाम निवासी ४५ वर्षीय दुजमन परियार, वर्ष ३१ का ओम परियार, २७ वर्षीया आइती परियार, ४० वर्षीया सवित्रा परियार र ६६ वर्षीय देवीराम परिवार रहेको जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रवक्ता रोहितकुमार शाहीले जानकारी दिएका छन् ।

जिल्लाको सुनछहरी गाउँपालिका-३ मौलाबाङ र बाहिरी गाम जोड्ने गाजाधारा कोइगेङ झोलुङ्गे पुल निर्माणका लागि खाल्डो खन्नेक्रममा पुरिएर चार जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

बिहान ९:५० बजेको समयमा पहिरोमा पुरिएको खबर आउनासाथ प्रहरी चौकी गामबाट ५ जनाको टोली र इप्रका सुलिचौरबाट प्रहरी निरीक्षक अरुण तामाङको नेतृत्वमा ७ जनाको प्रहरी टोली घटनास्थल पुगेको थियो ।

एल.बी. एण्ड पल्लभी जक्सन निर्माण सेवाले काम गरिरहेको उक्त स्थानमा ७ जना कामदार रहेकोमा दुईजना भागेर बाँच्न सफल भएको स्थानीयले बताएका छन् ।

## धान र चामलको आयात निरन्तर घट्दो

बुटवल । नेपालमा तीन वर्षयता धान र चामलको आयात निरन्तर घट्दै गएको सरकारी तथ्याङ्क छ । भन्सार विभागका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा २२ अर्ब २२ करोड रुपैयाँको धान र चामल आयात भएको छ ।

यो वर्ष अघिल्लो वर्ष २०७९/०८० को तुलनामा १४ अर्ब ४३ करोड रुपैयाँको कम धान र चामल आयात भएको हो । आर्थिक वर्ष २०७९/०८० मा ३६ अर्ब ६५ करोड रुपैयाँको धान र चामल आयात भएको थियो ।

आर्थिक वर्ष २०७८/२०७९ मा ४७ अर्ब ५७ करोड रुपैयाँको धान र चामल आयात भएको थियो । यो वर्षको तुलनामा अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा १० अर्ब ९२ करोड रुपैयाँको धान र चामलको आयात कम भएको विभागको तथ्याङ्क छ ।

यसरी धान र चामल आयातमा गिरावट आउनु विभिन्न पक्ष हुन सक्ने विज्ञ बताउँछन् । तथ्याङ्कमा गडबडी हुन सक्ने, नेपालको उत्पादन वृद्धि, भातमात्रै नखाएर अन्य खाद्यान्न उपभोग बढेको जस्ता कारणले पनि धान र चामल आयात घटेको हुन सक्ने उनीहरूको अनुमान छ ।

यस्तै, वैदेशिक रोजगारी वा अध्ययनका लागि विदेश जाने नेपालीको संख्या बढ्दा पनि खाद्यान्नको आयात घट्ने कृषि जनाकारहरूको भनाइ छ ।

आर्थिक वर्ष २०७९/०८० को तुलनामा आर्थिक वर्ष २०८०/०८१ मा धानको क्षेत्रफल घटे पनि उत्पादन भने वृद्धि भएको सरकारी तथ्याङ्क छ । आर्थिक २०८०/०८१ मा धानको कुल उत्पादन अघिल्लो आर्थिक वर्षको तुलनामा ४.३३ प्रतिशतले वृद्धि भएको हो ।

गत वर्ष ५७ लाख २४ हजार २३४ मेट्रिक टन र त्यसको अघिल्लो आर्थिक वर्ष ५४ लाख ८६ हजार ४७२ मेट्रिक टन धान फलेको थियो ।

# जनसरोकारको मुद्दामा मुख्यमन्त्रीको प्राथमिकता



**लुम्बिनी संवाददाता**
*देउखुरी*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले नजसरोकारका मुद्दालाई प्राथमिकतामा राख्दै अनुगमन सुरु गरेका छन् । आयोजना सुरु हुने, तर सम्पन्न नहुने, अलपत्र पर्ने जस्ता समस्या बढ्न थालेपछि मुख्यमन्त्री आचार्यले जुन निकायले सुरु गरेको भए पनि जनसरोकारका आयोजनाहरुको अनुगमन थालेका हुन् । जनतालाई पर्ने मर्काहरुलाई नजिकबाट नियाल्दै समाधानको गाँठो फुकाउन मुख्यमन्त्री आचार्यले सक्रियता बढाएका हुन् । अघिल्ला प्रदेश सरकारले थालेका, तर अधुरा रहेका आयोजनाहरुलाई पनि सञ्चालनयोग्य बनाउन अनुगमनको संयन्त्र बनाएका आचार्यले जनसरोकारका मुद्दाहरुलाई आफैँले अनुगमन गर्नेगरी भूमिका बढाएका हुन् ।

कपिलवस्तु जिल्लाको वाणगंगा नगरपालिका-७ र ८ मा रहेको वाणगंगा नदीमा भत्किएको पक्कि पुल र चिस्यान केन्द्रको अनुगमन गरेका हुन् । संघीय सरकारको बजेटबाट करिब चार वर्षअघि वाणगंगा नदीमा पक्की पुल बनेको थियो ।

निर्माण सम्पन्न भएको दुई वर्षको अवधिमा पुल भत्किएपछि आवागमन अवरुद्ध छ । कपिलवस्तु र अर्घाखाँची जिल्ला जोड्ने पुल भत्किएपछि समस्या परेको भन्दै स्थानीयहरुले प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन् । अनुगमनको क्रममा मुख्यमन्त्री आचार्यले पुल पुनः निर्माणको लागि प्रदेश सरकारले पहल लिने बताएका छन् । 'पक्कि पुल बनेको, तर बनेको केही वर्षभित्रै भत्किएको अवस्था रहेछ । संघीय सरकारको आयोजना भएकाले पुनः निर्माणको लागि संघीय सरकार समक्ष प्रदेश सरकारले पहल गर्छ,' उनले भने-'नागरिकहरुले दुःख पाउनु भएको छ । कसरी हुन्छ यहाँ पुनः पुलको काम अघि बढाउन जरुरी छ ।'

जहदी-कुपुवा-बनगाई-मोतीपुर-डोटेपुर सडक खण्डअन्तरगत वाणगंगा नदीमा उक्त पुल बनेको थियो । मुख्यमन्त्रीसहित भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाल अनुगमनमा सहभागी थिए । यस्तै वाणगंगा नगरपालिका-७ मा निर्माणाधिन चिस्यान केन्द्रको पनि मुख्यमन्त्री आचार्यले अनुगमन गरेका छन् । कृषि उपज सामग्रीको सुरक्षित भण्डारणका लागि चिस्यान केन्द्र बनिरहेको हो । तर, अझैं आयोजना सञ्चालनमा आउन सकेको छैन । चिस्यान केन्द्र निर्माणको काम सम्पन्न गरेर सेवा सुचारु गर्न मुख्यमन्त्री आचार्यले सम्बद्ध पक्षमा अनुरोध गरेका छन् । 'संरचना बन्ने तर, त्यो प्रयोगमा नआउने अवस्था छ । यस्तो अवस्था आउन दिनु हुँदैन । जहाँ लगानी हुन्छ, त्यसको पूर्ण सदुपयोगमा ध्यान दिनुपर्छ,' मुख्यमन्त्री आचार्यले भने-'प्रतिफल दिने आयोजनाहरुलाई अघि बढाउने प्रदेश सरकारको योजना छ ।'

**गौशालामा नश्ल सुधार**

लुम्बिनी प्रदेश सरकारले छाडा पशु चौपायाको समस्या समाधान गर्न दिर्घकालिन योजनालाई प्राथमिकतामा राखेको छ । एकिकृत गरेर गौशालामा पशुचौपाया पाल्ने, नश्ल सुधार गरेर उत्पादन क्षमता बढाउने, जैविक मल उत्पादन र प्रयोगलाई प्राथमिकतामा राख्नेगरी कार्यक्रम तर्जुमा गरिने भएको हो ।

मुख्यमन्त्री चेतनारायण आचार्यले छाडा पशुचौपायाको समस्या समाधान गर्न समुदायस्तरमा एकिकृत गौशाला निर्माण गरेर नश्ल सुधार गर्ने र उत्पादन क्षमता बढाउनेसम्मका योजना अघि सारिने बताए ।

वाणगंगा नगरपालिका-८ मधुवन कपिलवस्तुस्थित भागीरथी गौ-संरक्षण विकास केन्द्रको आइतबार अनुगमन गर्दै आचार्यले छाडा पशुचौपायाको दिर्घकालिन समस्या समाधान गर्नेगरी प्रदेश सरकारले नीति तर्जुमा गर्ने बताएका हुन् ।

'उत्पादन दिन छाडेपछि पशुचौपायालाई छाडा छोड्ने समस्या बढ्दो छ । यसरी छाडिएका पशुचौपायाका कारण समुदायमा किसान र स्थानीयलाई हैरानी हुने, लगाएका खाद्यन्न, तरकारीबालीमा हानी नोक्सानी गर्ने, सडक दुर्घटना भएको अवस्था पनि छ,' उनले भने-'समुदायको परिचालन र सक्रियाताबाट छाडापशु चौपायाको नियन्त्रण गर्न सकिन्छ भन्ने उदाहरण यो गौशालाले दिएको छ ।'

» बाँकी ३ पेजमा




# भूतपूर्व सैनिक कल्याणकारीको १०औँ साधारणसभा

देवदह । स्वतन्त्र भूतपूर्व सैनिक कल्याणकारी परिवार देवदहले विभिन्न कार्यक्रम गरी १०औँ वार्षिक साधारणसभा सम्पन्न गरेको छ ।

वार्षिक साधारणसभाको अवसरमा वडास्तरीय पुरुष भलिबल प्रतियोगिता, पूर्ण अपाङ्गतालाई ह्यील चियर प्रदान, जेष्ठ नागरिक सम्मान तथा संस्थाको विकासमा सहयोग गर्नेहरुलाई सम्मान गर्दै कार्यक्रम सम्पन्न गरेको हो । वार्षिक साधारणसभाको अवसरमा बुद्ध सामुदायिक वनको सहकार्यमा पूर्ण अपाङ्गता मनबहादुर गुरुङ्ग र मोहन विकलाई ह्वील चियर प्रदान गरेको छ ।

यसैगरी संस्थाका आजीवन सदस्य जेष्ठ नागरिक ८८ वर्षीय नन्दकला गुरुङ्ग र ८७ वर्षीय गगन क्षेत्रीलाई सम्मान गरिएको अध्यक्ष विनोदकुमार गुरुङ्गले जानकारी दिए । त्यसैगरी साधारण सभाको अवसरमा संस्थाको विकासमा सहयोग गर्ने बेलबहादुर गुरुङ्गलगायतलाई सम्मान गरिएको थियो ।

सो अवसरमा बोल्ने वक्ताहरुले समाजको विकासमा भूपूहरुको भूमिका महत्वपूर्ण रहेको बताएका थिए । उनीहरुले उद्यमशिलताले मात्र आर्थिक विकास गर्न सकिने भएकोले भूपूहरु आर्थिक उपार्जनसँग जोडिन आवश्यक रहेकोमा जोड दिएका थिए ।

उनीहरुले अधिकार प्राप्तीको लागि एकताको आवश्यक रहने बताउँदै भूपूहरुको एकतालाई अरुले पनि अनुशरण गर्न सकिने बताएका थिए । स्वतन्त्र भूतपूर्व सैनिक कल्याणकारी परिवार देवदहका अध्यक्ष विनोदकुमार गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा देवदह नगर प्रवक्ता गणेश डुम्रे, देवदह-६, का वडाअध्यक्ष खेमबहादुर थापा, ७, का वडाअध्यक्ष कृष्णप्रसाद अधिकारी, परिवारका पूर्वअध्यक्ष खोमबहादुर सिंह ठकुरी, नेकपा एमालेका नगर अध्यक्ष केशवप्रसाद भट्टराई, खेल संयोजक मिलन मास्की रानालगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

कार्यक्रममा अध्यक्ष गुरुङ्गले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष लालबहादुर गुरुङ्गले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

स्वतन्त्र भूतपूर्व सैनिक कल्याणकारी परिवार देवदहका वरिष्ठ उपाध्यक्ष खड्कबहादुर पुनको स्वागत र सचिव जयबहादुर पुलामीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

## सम्पादकीय

# सम्पदास्थल जोगाऊँ

गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा मात्रै नभएर यस क्षेत्रका धेरै ठाउँमा बुद्धकालीन संरचना रहेका छन् । ती संरचनालाई जोगाएर उत्खनन् गरी अध्ययन र अनुसन्धानको काम हुन सकेको छैन । उत्खनन्को काम सुस्त छ, जसले अध्ययन र अनुसन्धानलाई छरितो बनाउन सकेको छैन ।

पुरातात्विक संरचनाको उत्खनन्, अध्ययन र अनुसन्धानले हो, विगतको इतिहासलाई प्रमाण दिने । लुम्बिनीमा गौतमबुद्ध जन्मेका थिए भन्ने प्रमाण अशोक सम्राटले गाडेको अशोक स्तम्भले दिएको छ । अशोक स्तम्भ लुम्बिनीमा फेला नपरेको भए संभवतः लुम्बिनीमा गौतमबुद्ध जन्मेको पुष्टि हुने थिएन् । कपिलवस्तु खुला संग्रहालय हो, जहाँ सिद्धार्थ गौतमभन्दा पहिले अरु दुई बुद्ध जन्मेका थिए । क्रकछन्द बुद्ध र कनकमणि बुद्धको जन्मस्थलका साथै सिद्धार्थ गौतमसँग सम्बन्धित दर्जन स्थलहरुमा पुरातात्विक संरचना छरिएर रहेका छन् । ती संरचना जोगाएर राख्ने प्रबन्ध गर्नुपर्नेछ । अहिलेसम्म ती सामग्री छरिएर रहेकाले त्यहाँ रहेका पुरातात्विक वस्तु डुबानको जोखिममा छन्, मान्छेले चोरी गर्ने र नष्ट गर्ने प्रवृत्ति पनि कायमै छ । गौतम बुद्धको अस्थिधातु रहेको रामग्राममा पनि उत्खनन् हुन सकेको छैन । बुद्ध मावली देवदहमा पनि आधा दर्जन पुरातात्विक महत्वका स्थलहरु छन्, ती स्थलमा रहेका भग्नावशेषलाई तारबार गरी जोगाएर राख्नुपर्नेमा अहिलेसम्म ध्यान दिइएको छैन । भग्नावशेष रहेको स्थानलाई जोगाउनुको साटो अतिक्रमण बढ्दा समेत सरकारको ध्यानाकर्षण हुन नसक्नु सम्पदास्थलको महत्व नबुझ्नु हो । सैनामैना बौद्धकालीन महत्वपूर्ण शहर मानिन्छ । सैनामैनाको पुरातात्विक वस्तु प्राप्त भएकै ठाउँमा सर्वसाधारणको घर बनेका छन्, खेतीपाती हुँदै आएको छ । यस्ता क्रियाकलाप बेलैमा रोक्न ध्यान दिइएन् नै, अब के गर्ने भन्ने पनि प्रष्ट धारणा छैन । कोलीय राज्यको राजधानी अहिलेको देवदह हो कि पण्डितपुर भन्ने निष्कर्ष निकाल्नका लागि पण्डितपुर र देवदहको उत्खनन् र प्राप्त प्रमाणको विश्लेषण गर्नुपर्ने हुन्छ । तर वर्षेनी न्यून बजेटमा हुने उत्खनन्ले अपेक्षित परिणाम दिन सकिरहेको छैन ।

सम्पदास्थल मुलुकको गहना हुन् । जसले विगतलाई बुझ्न सघाउ पुर्‍याउँछन् । सभ्यताको विकासबारे जान्न र बुझ्न सघाउने सम्पदास्थललाई जोगाउनु भनेको भावी सन्ततीको लागि अमूल्य उपहार हो । अहिले नै उत्खनन् गरी प्राप्त सामग्री संग्रहालयमा राख्न सक्दा पर्यटकको आगमन बढाउन सकिन्छ । पर्यटन प्रवर्द्धनका लागि सम्पदालाई प्रयोग गर्न सकिन्छ ।

### ६२ प्रतिशत...

**यी स्थानका यी पदमा भइरहेको छ उपनिर्वाचन**

लुम्बिनी प्रदेशमा रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्ष पदसहित काठमाडौंको कीर्तिपुर नगरपालिकाका मेयर, जाजरकोटको नलगाड नगरपालिकाका उपमेयर, मोरङको ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष तथा दोलखाको गौरीशङ्कर गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका, बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकामा उपाध्यक्ष पदका लागि मतदान भएको हो ।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका वडा नम्बर ३, झापाको कन्काइ नगरपालिका वडा नम्बर ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नम्बर ८, सुनसरीको गढी गाउँपलिका वडा नम्बर ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नम्बर ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नम्बर १२ र बेलका नगरपालिका वडा नम्बर ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नम्बर १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नम्बर १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नम्बर २, रौतहटको ईशनाथ नगरपालिका वडा नम्बर ७, राजपुर नगरपालिका वडा नम्बर ६ र गढीमाई नगरपालिका वडा नम्बर ८ को वडाध्यक्ष पदका लागि पनि मतदान भएको छ ।

यस्तै कीर्तिपुर नगरपालिका वडा नम्बर १ र ४, काठमाडौं महानगरपालिका वडा नम्बर १६, नुवाकोटको ककनी गाउँपालिका वडा नम्बर २, मकवानपुरको हेटौंडा नगरपालिका वडा नम्बर १२, गोरखाको गोरखा नगरपालिका वडा नम्बर ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नम्बर १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नम्बर ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नम्बर ४ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नम्बर १ मा वडाध्यक्ष पदमा पनि उप-चुनाव भइरहेको छ ।

दैलेखको दुल्लु नगरपालिका वडा नम्बर १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नम्बर ४, जाजरकोट कुशे गाउँपालिका वडा नम्बर ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नम्बर ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नम्बर ५, बझाङको सुर्मा गाउँपालिका वडा नम्बर ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नम्बर ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नम्बर ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नम्बर ६ मा वडाध्यक्ष पदका लागि मतदान भएको छ ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका मेयर, उपमेयर र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उप-चुनावबाट पदपूर्ति हुने व्यवस्था छ ।

### जनसरोकारको...

गौशालामा पालिएका पशुचौपायाबाट दूध उत्पादन बढाउन सकिने, गाईको गोवर, पिसाब संकलन गरेर प्राकृतिक मल बनाउन सकिने भएकाले यसखाले परियोजना सञ्चालन गर्न जरुरी रहेको बताए । 'यहाँहरुले थाल्ने नविनतम काममा प्रदेश सरकारले साथ दिन्छ । अहिले यहाँहरुले उठाएको सिंचाई र खानेपानीको समस्या समाधान गर्न आगामी बर्षको बजेट निर्माण गर्दा ध्यान दिन्छौं,' उनले भने-'समुदायको सक्रियताबाटनै रचनात्मक कामहरु गर्न सकिन्छ । प्रदेश सरकारले समुदाय परिचालनमा समेत जोड दिएको छ ।'

लुम्बिनी प्रदेशका तराईका जिल्लाहरुमा छाडा पशुचौपायाको समस्या बढ्दो छ । हरेक जिल्लामा गौशाला समेत निर्माण गरिएका छन् । ति गौशालाको संरक्षण र विकास गर्दै छाडा पशु चौपायालाई पनि उत्पादनसँग जोड्नेगरी प्रदेश सरकारले कार्यक्रम बनाउने तयारी गरेको हो । गौशालामा पालिएका गाईलाई पानी खुवाउन र भएको जमिनमा सिँचाइ गर्न असुविधा भएको भन्दै बजेट विनियोजन गर्न भागीरथी गौ-संरक्षण विकास केन्द्रका अध्यक्ष चक्रबहादुर भण्डारीले अनुरोध गरेका थिए । हाल गौशालामा करिब एक सय ५० गाई, गोरु, बाच्छाबाच्छि पालिएका छन् ।

**Government of Lumbini Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Road Infrastructure Development Office

**Kapilvastu**

# Invitation for Bids

IFB No: -06/RIDOKAP/081-82Date of publication: 2ndDec 2024 (2081-08-17)

Road Infrastructure Development Office, Kapilvastuinvites electronic bids only from eligible bidders for following work.All other information and Bid documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.

***Information to deposit the cost of bidding document in Bank:***

Name of Bank:RastriyaBanijya Bank Taulihawa Kapilvastu.
Name of Office: Road Infrastructure Development Office, Kapilvastu
Office Code No.: 3370149015
Revenue Heading no.: 14229, Revenue Account Number: 1000100200010000

| SN | Name of Road | Contract ID | Bid Fee (Nrs.) | Estimated Amount (excluding VAT & PS) | Bid Security Amount (Nrs.) | Bid Security Validity Period (days) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | Balapurchowk dekhidakshinman kumarithapara Narayan paudel koghar sammasadak, Kapilvastu | RIDOKAP /10134/ SQ/080-81/88 | 1000 | 1,707,594.30 | 47,000.00 | 75 | 17th Dec 2024 |
| 2 | Gauriganjdekhi Piprahawa road Upgradation works, Suddhodhan -06,Kapilvastu | RIDOKAP /10134/SQ /080-81 /110 | 1000 | 1,279,936.47 | 35,000.00 | 75 | |
| 3 | Eidgahghat Trail bridge maintenance work, Krishnanagar-12, kapilvastu | RIDOKAP /10134/ NCB/080-81/111 | 3000 | 2,121,554.75 | 60,000.00 | 120 | 1st Jan 2025 |
| 4 | Hathihawagaunko Purwa PCC dekhikhop Kendra samma RCC works, Suddhodhan-06, Kapilvastu | RIDOKAP /10134/ NCB /080-81 /112 | 3000 | 2,547,692.17 | 70,000.00 | 120 | |

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला दिगाम गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, छत्रकोट गा.पा. वडा नं. ०४, बस्ने श्री नाम थाहा नभएकाको नातिनी श्री बालानन्द पौडेलको छोरी श्री रिखिराम ज्ञवालीको पत्नी बर्ष ७२ की श्रीमती पिमला देवी भन्ने पिमला देवी ज्ञवाली (नागरिकता नं. १०४३ जि.प्र.का गुल्मी मिति २०४८/०८/०६ मा जारी भई मिती २०६४/०८/०३ मा प्रतिलीपी जारी) को मिति २०८०/०८/२८ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३७३८ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री यमलाल ज्ञवालीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती पिमला देवी भन्ने पिमला देवी ज्ञवाली (नागरिकता नं. १०४३ जि.प्र.का गुल्मी मिति २०४८/०८/०६ मा जारी भई मिती २०६४/०८/०३ मा प्रतिलीपी जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला गौडाकोट गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०३, बस्ने श्री टेक बहादुर कार्कीको नातिनी श्री चुरामनी कार्कीको छोरी श्री खड्क बहादुर बस्नेतको पत्नी बर्ष ८३ की श्रीमती चिमा कला भन्ने चेमकला बस्नेत (नागरिकता नं. ८२०४ जि.प्र.का गुल्मी मिति २०४४/१२/२६ मा जारी) को मिति २०८१/०४/२८ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०१३४५ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री सुर्य बहादुर बस्नेतले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती श्रीमती चिमा कला भन्ने चेमकला बस्नेत (नागरिकता नं. ८२०४ जि.प्र.का गुल्मी मिति २०४४/१२/२६ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला बलीथुम गा.वि.स. वडा नं. ०९ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०१, बस्ने श्री नाम थाहा नभएकाको नातिनी श्री नर बहादुर रेश्मीको छोरी श्री लाल बहादुर थापा (पेमी)को पत्नी बर्ष ८५ की श्रीमती ठगी ईन्द्रा कुमारी भन्ने इन्द्रा पेमी (नागरिकता नं. ५८५३ जि.प्र.का गुल्मी मिति २०४४/१२/०५ मा जारी) को मिति २०८१/०२/२२ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२७८५ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री होम बहादुर पेमी मगरले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती ठगी ईन्द्रा कुमारी भन्ने इन्द्रा पेमी (नागरिकता नं. ५८५३ जि.प्र.का गुल्मी मिति २०४४/१२/०५ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला दुवीचौर गा.वि.स. वडा नं. ०३ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. १३, बस्ने श्री कवि राम श्रीसको नातिनी श्री कविराम श्रीसको छोरी श्री भुवान सिंह घर्तिको पत्नी बर्ष ९० की श्रीमती ठगी भुजेल घर्ती (नागरिकता नं. १०७३५ जि.प्र.का गुल्मी मिति २०४५/०१/१६ मा जारी) को मिति २०८१/०३/०१ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०१०७९ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री सन्त बहादुर भुजेलले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती ठगी भुजेल घर्ती (नागरिकता नं. १०७३५ जि.प्र.का गुल्मी मिति २०४५/०१/१६ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

# रेडियो मुक्ति बुटवलको अध्यक्षमा पुन : पोखरेल

बुटवल । रेडियो मुक्ति बुटवलको अध्यक्षमा पुन : खेमकुमारी पोखरेल 'दिपु' सर्वसम्मत निर्वाचित भएकी छिन् । शनिबार बुटवलमा सम्पन्न १५औं वार्षिक साधारण सभा तथा छैठौं अधिवेशनले ११ सदस्यीय कार्यसमिति चयन गरेको हो । त्यस्तै उपाध्यक्षमा कविता अर्याल, सचिवमा सवितादेवी निरौला, कोषाध्यक्षमा राधिका न्यौपाने र सह-सचिवमा उमा अर्याल ढकाल सर्वसम्मत चयन भएका हुन् ।

सदस्यहरुमा किस्मतीकुमारी चौधरी, सावित्रा घिमिरे, सुमित्रा चापागाईं, शारदा पहाडी, राधिका सिग्देल, सीता भट्टराई चयन भएको निर्वाचन समिति संयोजक तारा पाण्डेले जानकारी दिइन । निर्वाचन समितिको सदस्यमा सुमन पन्थी र सीता गौतम रहेका थिए ।



यसअघि साधरणसभा तथा अधिवेशनको उद्घाटन समारोहमा बोल्दै बुटवल उप-महानगरपालिकाका उप-प्रमुख तथा रेडियो मुक्तिका पूर्व अध्यक्ष एवम् सल्लाहकार सावित्रादेवी अर्यालले महिला सशक्तिकरण, महिला हिंसा न्यूनीकरण, लैंगिक विभेदको अन्त्य र सामाजिक जागरण अभियान सञ्चालन गर्न सफल भएको बताइन । उनले कर्मचारीका लागि नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक प्रदान गर्न आग्रह गरिन । रेडियोका अध्यक्ष दिपु पोखरेलले २०६५ सालमा भाडामा रहेको घरबाट १०० वाट क्षमताबाट प्रसारण गर्दै आएको रेडियो हाल ५०० वाट क्षमता बनाई आफ्नै भवन निर्माण गरी प्रसारण गर्न सफल भएको बताइन । उनले रेडियो मुक्ति कल्याणकारी कोष स्थापना गर्न सफल भएको बताइन ।

सचेत नारी सचेत परिवार, हरेक क्षेत्रमा समान अधिकार भन्ने मूल नाराका साथ २०६५ पुस ९ गतेदेखि रेडियोले आफ्नो औपचारिक प्रसारण आरम्भ गरेको थियो । रेडियो मुक्ति महिलाहरुद्वारा स्थापित र सञ्चालित नेपालको पहिलो सामुदायिक रेडियो हो ।

# पुस ५ देखि भित्रिकोट महोत्सव

राधिका भुसाल
*प्यूठान*

प्यूठानमा प्रथम भित्रिकोट महोत्सव २०८१ सञ्चालन हुने भएको छ । प्यूठान उद्योग वाणिज्य संघ, प्यूठान नगर बजार क्षेत्रको आयोजनामा महोत्सव सञ्चालन हुन लागेको हो । महोत्सव प्यूठान नगरपालिका ७ टिकुरी बसपार्क झोलुङ्गे पुल नजिकैको मैदानमा लाग्ने छ ।

"कृषि, पर्यटन, उद्योग र व्यापार, समृद्ध नगरको बलियो आधार" भन्ने मुलनाराका साथ २०८१ पौष ५ देखि १७ गतेसम्म महोत्सव सञ्चालन गरिने भएको आयोजकले जनाएको छ । आइतबार पत्रकार सम्मेलन गर्दै जिल्लाको कृषि, पर्यटनको प्रवर्द्धनका साथै नगर बजार क्षेत्रको सचिवालय भनव निर्माण गर्ने मुख्य उद्देश्यका साथ महोत्सव सञ्चालन गर्न लागेको नगर बजार क्षेत्रका अध्यक्ष प्यारअली खानले बताए । 'महोत्सव सकिएको एक महिनाभित्रै




हामीले सचिवालय भवन उद्घाटन गर्नेछौं,' अध्यक्ष खानले भने-'महोत्सव मैदानभित्र सो अवधिभर ठूलो डिस्प्लेमा प्यूठान जिल्लाकै डकुमेन्ट्री प्रदर्शन गरिने छ ।' महोत्सवमा करिब १ लाख दर्शकले अवलोकन गर्ने र २ करोड बराबरको कारोबार गरिने लक्ष्य राखेको समेत उनले बताए ।

जिल्लाका सबै स्थानीय तहहरुले एकीकृत गरेर कृषकले उत्पादन गरेका बस्तुलाई स्टलसम्म ल्याउन व्यवस्था गर्न आयोजकले अनुरोध गरेको छ । सबै स्थानीय तहको विशेष खालमा कृषिजन्य वस्तुलाई बिक्री गर्नका लागि कृषकलाई निःशुल्क स्टल उपलब्ध गराइने र जिल्लाका व्यापारिहरुले ५० प्रतिशत छुटमा स्टल पाउने व्यवस्था गरिएको अध्यक्ष खानले जानकारी दिए । सर्वसाधारणका लागि ८० रुपैयाँ टिकट शुल्क लाग्ने छ भने विद्यार्थीलाई ५० रुपैयाँ लिने र जेष्ठ नागरिक, असाय, अशक्तहरुको लागि निःशुल्क रुपमा हेर्न पाउने व्यवस्था मिलाएको समेत उनले बताए ।

# नवनिर्मित भवन भिम अस्पताललाई हस्तान्तरण

भैरहवा । रुपन्देहीको जिल्ला अस्पताल भीम अस्पताललाई सेमिनार हल र फोहोर व्यवस्थापन भवन हस्तान्तरण गरिएको छ ।

सिद्धार्थनगर नगपालिकाद्वारा निर्मित सेमिनार हल र फोहोर व्यवस्थापन भवन एक कार्यक्रम गरि नगरपालिकाले अस्पताललाई हस्तान्तरण गरिएको हो । अस्पतालको अति आवश्यक पूर्वाधारको रुपमा रहेको यी दुवै कक्षको सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले उद्घाटन गरे ।

सो अवसरमा बोल्दै उनले फोहोरमैला व्यवस्थापन अस्पतालको महत्वपूर्ण विषय भएकोले नगरपालिकाले फोहोर वर्गीकरण गरी व्यवस्थापनसहितको काममा सहजताका लागि भवन निर्माण गरि सहकार्य गरेको बताए । यहाँ दुःख पर्दा मात्रै सेवाग्राहीहरु आउने भएकोले उपचारमा आउने बिरामीलाई पनि अस्पतालमा राम्रो व्यवहार गरी खुशी बनाउने वातावरण हुनुपर्ने उनले बताए ।

उनले अस्पतालको जिम्मेवारी नै सफासुग्घर र फोहोरको उचित ढंगबाट व्यवस्थापन गर्नु रहेकाले यहाँहरुको माग अनुसार नै नगरपालिकाले सहकार्य गरेको छ । आगामी दिनमा पनि समस्याको समाधानका लागि नगरपालिकाले निरन्तर सहकार्य गर्ने उनले जनाए । नगर उप-प्रमुख उमा अधिकारीले कसैले पनि समस्या राख्यो भने समाधान अवश्य हुने बताउँदै नगरपालिकाले भीम अस्पतालको २ वटा समस्याको निराकरण गरेको बताए । जति पूर्वाधार बनाए पनि बढ्दै गएको बिरामीको चापले दिनानुदिन अपुग हुने हुँदा नगरपालिकाले सहकार्य गरी यहाँको समस्याहरु प्राथमिकताका आधारमा बुँदागत रुपमा समाधान गर्दै जाने बताइन ।

वडाध्यक्ष सोमबहादुर गुरुङले हाम्रो वडामा रहेको यो अस्पतालको फोहोर व्यवस्थापनका लागि चुनौती रहेकोले अहिले समाधन गरी केही पहल भएको बताए । उनले वडामा स्पतालमा यहाँको फोहोर अव्यवस्थित रुपमा जलाएर प्रदूषण गरिएको भन्ने गुनासाहरु आउने गरेकोमा अब यो नआउने र आवश्यक पूर्वाधारको व्यवस्था हुने बताए ।

यस क्षेत्रको पुरानो अस्पताल रहेता पनि सेमिनार हलको अभावका कारण स-साना कार्यक्रम बाहिर गर्नुपर्ने बाध्यता रहेको थियो । अस्पतालमा बिरामीहरुको चाप बढ्दै गएकोले अस्पतालद्वारा प्रदान गरिने सेवासुविधालाई प्रभावकारी र गुणस्तरीय बनाउन अस्पातलसहित सरोकारवाला निकायले महत्वपूर्ण भूमिका खेल्नु पर्ने अस्पतालकी मेडिकल सुपरिटेन्डेन्ट शकुन्तला गुप्ताले बताइन । उनले सिद्धार्थनगर नगरपालिकाले अस्पताल हातामा सेमिनार भवनको निर्माण गरी अस्पताललाई उपलब्ध गराइदिएपछि स्वास्थ्यकर्मीलगायतलाई बारम्बार आयोजना गर्नुपर्ने विभिन्न तालिम, गोष्ठी र कार्यक्रमका लागि बाहिर महँगो होटलमा धेरै पैसा खर्चिनु पर्ने बाध्यताको अन्त्य हुने बताइन ।

सिद्धार्थनगरको करिब ५९ लाख रुपैयाँको लागतमा अस्पतालमा सेमिनार हल, फोहोर व्यवस्थापन भवन, भुइँमा ब्लक र खानेपानीका योजना सञ्चालन भएको हो । अस्पताललाई अति आवश्यक पूर्वाधारमा सहयोग गरेको नगरपालिकाले साना-साना भए पनि महत्वपूर्ण मानिने कामहरु वडा अथवा नगरस्तरीय रुपमा गर्नुपर्ने अस्पतालका अध्यक्ष अननत्कुमार शर्माले जनाए ।

## लुम्बिनी प्रदेश सरकार
### शहरी विकास तथा खानेपानी मन्त्रालय
### खानेपानी तथा सरसफाई कार्यालय
योगिकुटी , रूपन्देही

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८१/०८/१७)

यस कार्यालयबाट मिति मिति २०८१/०६/१४ गते हिमालयन टाईम्समा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही भई न्युनतम कबोल गर्ने बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतिको लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकशित गरिएको छ।

| सि नं | ठेक्का नं | बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक (VAT & PS बाहेक) NRS |
|---|---|---|---|
| १ | wssdorupandehi/NCB/goods/081-82/06 | Vast Stores Ruru -4, Baletaksar ,Gulmi | 61,56,630.00 |
| २ | wssdorupandehi/NCB/goods/081-82/07 | Green Leaf Pvt ltd Kathmandu 31,Putalisadak Kathmandu | 31,23,855.50 |

कार्यालय प्रमुख

## Bhumikasthan Municipality
### Office of the Municipal Executive
**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**

## Invitation for Sealed Quotation

**Second Date of publication: 02-12-2024 (2081-08-17)**

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under sealed quotations procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of **NRs.1000/-** as bidding document fee in the account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800138
   - Account Name : Internal Revenue.
4. Bid Security must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the BID Security Amount in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800048
   - Account Name :Dharouti Account.
5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, Arghakhanchi Lumbini Province, Nepal at 11-12-2024 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 17-12-2024 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 17-12-2024 13:00 at the office of Bhumikasthan Municipality, Arghakhanchi

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive of VAT and Contingencies) | Bid Security Amount In NRs | Bid security valid period |
|---|---|---|---|---|---|
| 12/BMA/W/RM/081/82 | RatapaharaMaikathan Motorable Road Construction Works | NRs. 1000.00 (Not Refundable) | 979,173.37 | 28500 | **45 Days** |
| 16/BMA/W/RM/081/82 | PipalnetaGerumataSiudeni Motorable Road Construction Works. | NRs. 1000.00 (Not Refundable) | 986,741.19 | 28500 | |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

## Butwal Sub-Metropolitan City
### Office of the Municipal Executive
Butwal, Rupandehi
LumbiniProvince, Nepal

## Invitation for Bid

**Date of Publication: 2081/08/16 B.S.**

1. Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the followings construction works.

| S.N | Contract No. | Description of works | Estimate Amount ( excluding VAT and Contingencies) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | 18/081-82 /BSMC/ Works/ NCB | Construction of Compound Wall at Butwal Ilaka police office, Bamghat Kshetra Basti Samrakshan Retaining Wall & Janajyoti Aadharbhut Bidhyalaya Butwal - 03, Rupandehi | 26,04,557.65 | 65,000.00 | 3,000.00 | 2081/09/16 B.S Time upto 12.00hrs | 2081/09/16 B.S. Time at 13.00 hrs |
| 2. | 20/081-82 /BSMC/ Works/ NCB | Construction of Drain & Culvert Leading to the Jawai Khel Maidan Butwal - 13, Rupandehi | 38,06,945.11 | 95,000.00 | 3,000.00 | 2081/09/16 B.S Time upto 12.00hrs | 2081/09/16 B.S. Time at 13.00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond in the bank:

| | | |
|---|---|---|
| Office Name | Butwal Sub-Metropolitan City, Butwal | |
| Office Code No. | 801054801 | RastriyaBanijya Bank, Butwal |
| Account Head | 14229 | |
| For Tender fee Deposit | Sutrarevenue.fcgo.gov.np | |

3. Bidders have to submit their bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.
4. Pre-bid Meeting shall be held at Urban Infrastructure Development Division , Date : 2081/09/05 Time 13:00 hrs
5. Any Condition so far not cover shall be as per Public Procurement Act 2063 (including all amendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Any amendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.
6. Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Procurement Unit**
**Butwal Sub-Metropolitan City**
**Butwal, Rupandehi**

## ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# एड्स दिवसमा सचेतना र्‍याली



बुटवल। ३७औँ विश्व एड्स दिवस (डिसेम्बर १) को अवसरमा बुटवलमा वृहत् सचेतनामूलक र्‍याली गरिएको छ। 'अधिकारको बाटो लिनुहोस्, मेरो स्वास्थ्य, मेरो अधिकार' नारासहित अक्सबृज इन्टरनेशनल एकेडेमीको आयोजनामा आइतबार सचेतनामूलक र्‍याली गरिएको हो । कालिकानगर एकेडेमी परिसरबाट निस्किएको र्‍याली राजमार्ग चौराहामा आएर कोणसभामा परिणत भएको थियो । रातो रिबनसहित सहभागीहरु विभिन्न ब्यानर, प्लेकार्डसहित सहभागी रहेका थिए ।

कार्यक्रममा एकेडेमीका कार्यवाहक अध्यक्ष गोबिन्द खनालले एचआइभीको बारेमा लामोसमयदेखि सरोकारवालाहरु सचेतनामा लाग्दा सकारात्मक प्रभाव परेको बताए ।

'अहिले यो घट्दो रहेको छ।'-उनले भने । सरकारी तथ्याङ्क अनुसार एचआइभी सङ्क्रमण ९१ प्रतिशतले घटेको उनले बताए । नेपालमा एचआइभीको प्रथम सङ्क्रमण सन् १९८८ मा देखिएको भन्दै उनले यौनजन्य क्रियाकलापमा अत्यन्त संकुचित समाज अनि असुरक्षित यौनजन्य क्रियाकलापहरुका कारणले हुने सङ्क्रमण रोक्न सचेतना जरुरी रहेको जनाए ।

नेपालमा एचआइभी सङ्क्रमितहरू उपचारात्मक अनि परामर्श सुविधातर्फ धेरै पछि खुल्न र जान लागेको उनले बताए। विज्ञानको आविष्कार र विकासबाट हरेक समस्याको समाधान निकाल्ने युगमा यसको पनि निवारण सम्भव भएको उनले बताए ।

कार्यक्रममा एकेडेमीका निर्देशक डीपी खनालले नेपालका ग्रामीण भेगका परिवारहरु अन्जानमै एचाइभी संक्रमण भएको धेरै घटनाहरु रहेको भन्दै खुला सिमाना र जोखिमपूर्ण यौन क्रियाकलापमा युवाहरुको संलग्नता कारणको रुपमा देखिएको बताए । धेरै एचआइभी सङ्क्रमित बालबालिकाहरू समाजभित्रै रहेको र उनीहरुलाई उचित शिक्षा अनि सहज जीवनयापन सुनिश्चित सरकारको दायित्व भएको उनले बताए ।

कार्यक्रममा बुटवल टुडे अनलाइनका सह-सम्पादक स्वस्तिक श्रेष्ठले समुदायका सबै सरोकारवालाहरुको कारण नै पछिल्लो समय सकारात्मक नतिजा आएको बताए ।

स्थानीयस्तरमा संघसंस्थाहरुको अगुवाइमा गरिने सचेतनामूलक कार्यक्रम धेरै प्रभावकारी हुने भन्दै उनले विभिन्न सरकारी स्वास्थ्य संस्थाहरूमा संक्रमितहरुलाई निःशुल्क वितरण गरिने सेवाहरु सरल र सहजतर्फ सरकारको ध्यान जानुपर्ने बताए ।

कार्यक्रममा विद्यार्थी सुरक्षा नेपालीले एचआइभी र एड्स दुईवटा भिन्न भएको भन्दै एचआइभी एउटा भाइरस र जसको कारणले एड्सको अवस्थामा पुग्ने हुँदा यस्ता सामान्य विषयमा समेत जानकारी समुदायमा दिन जरुरी रहेको बताइन। एचआइभीलाई अहिले संसार भरि सङ्क्रमणका रूपमा हेरिने समेत उनले बताइन ।

सन् २०१० यता विश्वमा एचआइभी सङ्क्रमण ३९ प्रतिशतले घटेको छ। यसैगरी एड्सबाट मृत्युवरण गर्नेको संख्या आधाले घटेको छ । अफगानिस्तान, इजिप्ट, फिजी, फिलिपिन्स, पपुवान्यूगिनी र साउदी अरबमा भने सन् २०१० देखि २०२३ को बिचमा एचआइभी सङ्क्रमणमा शतप्रतिशतले वृद्धि भएको छ ।

# लुम्बिनी लायन्सलाई लक्ष्मणको १ लाख बढी पुरस्कार



बुटवल। तिलोत्तमाको मणिग्राम निवासी लक्ष्मण भट्टराईले नेपालमा सुरु भएको नेपाल प्रिमियर लिग (एनपीएल) मा लुम्बिनी लायन्स टिमका लागि नगद पुरस्कार घोषणा गरेका छन् ।

तिलोत्तमा क्रिकेट विकास समितिका सह-सचिव समेत रहेका बुटवलस्थित ओम सर्जिकल एन्ड साइन्स हाउसका सञ्चालक भट्टराईले लुम्बिनी लायन्स टिम विजेता बनेमा टिमको प्रोत्साहनका लागि १ लाख ११ हजार १ सय ११ रुपैयाँ र उप-विजेता भएमा ५० हजार ५ सय ५५ रुपैयाँ प्रदान गर्ने घोषणा गरेका हुन् । सामाजिक सेवाका क्षेत्रमा योगदान गर्न रुचाउने भट्टराईले आफ्नो प्रदेशको प्रतिनिधित्व गरेर खेलेको टिमको हौसलाका लागि आफूले नगद पुरस्कार घोषणा गरेको बताए ।

# ग्यास्ट्रो सेन्टर दोस्रो वर्षमा




बुटवल। बुटवल उप-महानरपालिका वडा नम्बर ८ तिलोत्तमा पथमा रहेको ग्याष्ट्रो सेन्टर प्रालिले एक वर्षमा २ हजार ५ सय ८७ जनाको सफल उपचार गरेको छ।

प्रालिका अध्यक्ष डा. मोहन भुषालले स्थापनाको पहिलो वर्ष संस्थाको उद्देश्यअनुसार सफल भएको जानकारी दिए।

एक वर्षमा उपचार भएका बिरामीहरुमध्ये ३ सय ५ जनालाई निःशुल्क रुपमा सेवा प्रवाह गरेको अध्यक्ष डा. भुषालको भनाइ रहेको छ। एक वर्षमा ७५ जना बिरामीमा क्यान्सर समेत देखिएको कारण उपचार समेत गरिएको प्रालिले जनाएको छ।

यसको साथै प्रालिले सामाजिक उत्तरदायित्व अभियानअन्तर्गत रुपन्देहीको देवदह, अर्घाखाँचीको शीतगंगा र गुल्मीको भार्सेमा निःशुल्क स्वाथ्य शिविर समेत सञ्चालन गरेको थियो।

उनका अनुसार शिविरबाट १ हजार २ सय ४८ जनाले सेवा लिएका थिए। शिविरमा आएका ९२ जना बिरामीको निःशुल्क रुपमा इन्डोष्टकपी समेत गरिएको उनले जानकारी दिए।

यस्तै प्रालिको प्रथम स्थापना दिवसको अवसरमा लिभरको जाँचमा ४० प्रतिशत छुट र ओपीडी टिकट, ल्याबलगायतका १० प्रतिशत छुटको समेत व्यवस्था गरिएको प्रालिका सञ्चालक युवाराज दिशामगरले जानकारी दिए।

**Lumbini Province Government**
**Ministry of Energy, Water Resources and Irrigation**
**Water Resources and Irrigation Development Division Office**
**Bhairahawa, Rupandehi**

## Invitation for Bids

First date of Publication: 2081-08-17 (2nd Dec, 2024)

WRIDDO, Rupandehi invites electronic bids from eligible bidders for the Works as mentioned in table below under National Competitive Bidding and Sealed Quotation. For further information, visit PPMO's website www.bolpatra.gov.np/egp.

**Description of Projects**

| SN | Package No./Contract No. | Estimated Cost with VAT (NRs.) | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| 1 | WRIDDO/RUP/NCB-01/2081-082 | 4,148,002.87 | 115,000.00 | 3,000.00 |
| 2 | WRIDDO/RUP/NCB-02/2081-082 | 6,857,933.60 | 190,000.00 | 3,000.00 |
| 3 | WRIDDO/RUP/NCB-03/2081-082 | 2,898,440.71 | 80,000.00 | 3,000.00 |
| 4 | WRIDDO/RUP/NCB-04/2081-082 | 3,380,447.47 | 95,000.00 | 3,000.00 |
| 5 | WRIDDO/RUP/NCB-05/2081-082 | 5,795,730.90 | 160,000.00 | 3,000.00 |
| 6 | WRIDDO/RUP/NCB-06/2081-082 | 5,795,996.04 | 160,000.00 | 3,000.00 |
| 7 | WRIDDO/RUP/NCB-07/2081-082 | 5,797,472.73 | 160,000.00 | 3,000.00 |
| 8 | WRIDDO/RUP/NCB-08/2081-082 | 4,830,100.83 | 135,000.00 | 3,000.00 |
| 9 | WRIDDO/RUP/NCB-09/2081-82 | 7,246,667.67 | 200,000.00 | 3,000.00 |
| 10 | WRIDDO/RUP/NCB-10/2081-082 | 3,380,921.06 | 95,000.00 | 3,000.00 |
| 11 | WRIDDO/RUP/KOLUWA/SQ-01/2081-082 | 966,289.47 | 27,000.00 | 1,000.00 |
| 12 | WRIDDO/RUP/SQ-02/2081-082 | 1,448,728.74 | 40,000.00 | 1,000.00 |
| 13 | WRIDDO/RUP/Daunne/SQ-03/2081-082 | 966,528.08 | 27,000.00 | 1,000.00 |
| 14 | WRIDDO/RUP/Betahani/SQ-04/2081-082 | 966,404.03 | 27,000.00 | 1,000.00 |
| 15 | WRIDDO/RUP/Danda/SQ-05/2081-082 | 965,799.99 | 27,000.00 | 1,000.00 |

Division Chief

**CHHATRADEV RURAL MUNICIPALITY**
**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
**CHHATRAGUNJ, ARGHAKHANCHI**

## Invitation For Sealed Quotations

Date of 1st publication: 2081/08/17 (02nd December, 2024)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for construction of following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 1000)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive,
Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))

Last Date of Bid Purchase and Submission: 17th December, 2024 (2081/09/02) 12:00 Hrs.

| SN | Name of Project/Contract No. | Bid Security Amount with Validity up to 02nd March 2025 |
|---|---|---|
| 1 | Jeevenjyoti Aa Vi Toilet Construction Works, Chhatradev-06 CRM/ARG/SQ/W/17/081/082 | 28000/- |
| 2 | Tallo Jhirbas Pauwa Puna Nirman, Chhatradev-02 CRM/ARG/SQ/W/18/081/82 | 28000/- |

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com